# नेपाल राष्ट्र बैंक

भुक्तानी प्रणाली विभाग

**भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति (प्रथम संशोधन, २०८०), २०७९ जारी गरिएको**

## सूचना

नेपालमा भुक्तानी, समाशोधन र फछ्र्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरूको स्थापना र कारोबारका सम्बन्धमा विद्यमान "**भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति, २०७९**" लाई संशोधन गरी "**भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति (प्रथम संशोधन, २०८०), २०७९**" लागू गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

मिति : २०८०/०३/२४

कार्यकारी निर्देशक

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ४४१९८०४/५/७
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np


पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/०५/०७९/८० मिति :- २०८०/०३/२४

भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त सबै संस्थाहरु ।

**विषय : भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति, २०७९ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

नेपालमा भुक्तानी, समाशोधन र फछ्र्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरूको स्थापना र कारोबारका सम्बन्धमा विद्यमान **"भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति, २०७९"** लाई संशोधन गरी **"भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति (प्रथम संशोधन, २०८०), २०७९"** लागू गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ ।

भवदीय,

(गुरुप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार ।
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, गैर बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।

# भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति (प्रथम संशोधन, २०८०), २०७९

भुक्तानी प्रणाली विभाग

नेपाल राष्ट्र बैंक

# "भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति (प्रथम संशोधन, २०८०), २०७९"

नेपालमा भुक्तानी, समाशोधन र फछ्र्यौटसम्बन्धी कार्य गर्ने संस्थाहरूको स्थापना र कारोबारका सम्बन्धमा अनुमतिपत्र प्रदान गर्ने कार्यलाई नियमित र व्यवस्थित गर्न भुक्तानी तथा फछ्र्यौट विनियमावली (प्रथम संशोधन, २०८०), २०७७ को विनियम १० बमोजिम यो अनुमति नीति तर्जुमा गरिएको छ ।

१. **नीतिको नाम, क्षेत्र र प्रारम्भ** : (१) यो नीतिको नाम **"भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति (प्रथम संशोधन, २०८०), २०७९"**[१] रहेको छ ।

(२) यस नीतिमा उल्लेखित व्यवस्थाहरू नेपालमा स्थापना भई नेपाल बाहिर र नेपाल बाहिर स्थापना भई नेपालभित्र भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूहरूको हकमा समेत लागु हुनेछ ।

(३) यो नीति बैंकको सञ्चालक समितिले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।[*]

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा -

(क) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले यस नीतिको बुँदा नं. ३ बमोजिम नेपाल राष्ट्र बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्न अनुमति प्राप्त गरेका संस्थाहरू सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(घ) "भुक्तानी प्रणाली सञ्चालक" भन्नाले भुक्तानीसम्बन्धी कार्यको संचालन, व्यवस्थापन, र समाशोधन कार्य गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले समाशोधन गृह, विद्युतीय कार्ड वा अन्य विद्युतीय (अनलाइन) भुक्तानी सञ्जाल सञ्चालन गर्ने संस्थालाई समेत जनाउँछ ।

(ङ) "भुक्तानी सेवा प्रदायक" भन्नाले सेवाग्राहीलाई भुक्तानीसम्बन्धी सेवा दिने संस्था सम्झनु पर्छ र सो शब्दले संस्था र सेवाग्राही बीचमा वस्तु, सेवा, सम्पत्ति, वा अन्य दायित्व वापतको रकम भुक्तानी गर्ने, स्वदेश तथा विदेशमा रकम स्थानान्तरण (ट्रान्सफर) वा विद्युतीय माध्यमबाट भुक्तानी कारोवार सञ्चालन गर्ने संस्थालाई र बैंकबाट भुक्तानी सेवा प्रदायकको अनुमतिपत्रप्राप्त गरेका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई समेत जनाउँछ ।

३. **भुक्तानीसम्बन्धी कार्य गर्न देहाय बमोजिमको अनुमति प्रदान गरिने** :

(क) भुक्तानी सेवा प्रदायक (Payment Service Provider),

(ख) भुक्तानी प्रणाली सञ्चालक (Payment System Operator)।

---

[*] मिति २०७९/०९/१८ को सञ्चालक समितिको बैठकबाट स्वीकृत ।

[१] मिति २०८०/०३/१९ को सञ्चालक समितिको बैठकको निर्णयबाट स्वीकृत पहिलो संशोधन सहितको ।

४. **अनुमतिपत्रप्राप्त संस्थाले गर्ने कार्यहरू** : बुँदा नं. ३ बमोजिम अनुमतिप्राप्त संस्थाले देहाय बमोजिमका कार्य गर्न सक्नेछन् :-

(क) भुक्तानी सेवा प्रदायक (Payment Service Provider) :

(१) कार्ड अथवा कार्ड बाहेकका उपकरणबाट वस्तु, सेवा, सम्पत्ति वा दायित्व वापतको रकम भुक्तानी लिनेदिनेको बीचमा मध्यस्थता गरी विद्युतीय माध्यमबाट भुक्तानी गर्ने,

(२) स्वदेशमा रकम स्थानान्तरण गर्ने,

(३) भुक्तानीसम्बन्धी कुनै प्रणाली सञ्चालकमा आवद्ध भई कार्य गर्ने,

(४) बैंकले तोकेका अन्य कार्यहरू गर्ने ।

(ख) भुक्तानी प्रणाली सञ्चालक (Payment System Operator) :

(१) स्वचालित क्लियरिङ्गसम्बन्धी कार्य (Automated Clearing House) गर्ने,

(२) भुक्तानी प्रणालीको अन्तरआबद्धतासम्बन्धी कार्य गर्ने,

(३) विद्युतीय भुक्तानी कार्डहरूको सञ्जाल सञ्चालन गर्ने,

(४) भुक्तानी स्वीच (Payment Switch) सञ्चालन गर्ने,

(५) बैंकले तोकेका अन्य कार्यहरू गर्ने ।

५. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था बाहेकको हकमा एउटा संस्थालाई भुक्तानी सेवा प्रदायक वा भुक्तानी प्रणाली सञ्चालकमध्ये कुनै एक प्रकारको मात्र कार्य गर्न पाउने गरी आशयपत्र/अनुमतिपत्र प्रदान गरिनेछ ।

६. **आशयपत्रसम्बन्धी व्यवस्था** : (१) भुक्तानी सेवा प्रदायक वा भुक्तानी प्रणाली सञ्चालकको कार्य गर्न इच्छुक व्यक्तिले भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था स्थापना गर्ने प्रयोजनका लागि देहाय बमोजिमका कागजात पेश गरी बैंकबाट आशयपत्र लिनुपर्नेछ :-

(क) अनुसूची १ बमोजिमको आशयपत्रको लागि निवेदन,

(ख) अनुसूची २ बमोजिमको प्रस्तावित (गर्न चाहेको) भुक्तानीसम्बन्धी कार्यहरू,

(ग) अनुसूची ३ बमोजिम आशयपत्रको लागि पेश गर्नुपर्ने कागजात,

(घ) अनुसूची ४ बमोजिमको प्रस्तावित संस्थापक/सञ्चालकको व्यक्तिगत विवरण,

(ङ) अनुसूची ५ बमोजिमको संस्थापक/सञ्चालकको Fit & Proper Test को लागि कागजात तथा स्वघोषणा,

(च) बैंकले माग गरेका अन्य विवरण तथा कागजात ।

(२) आशयपत्रको लागि निवेदन पेश गर्दा भुक्तानी सेवा प्रदायकको हकमा एक लाख रुपैंया र भुक्तानी प्रणाली सञ्चालकको हकमा पाँच लाख रुपैंया फिर्ता नहुने गरी आवेदन दस्तुर बापत यस बैंकमा जम्मा गर्नु पर्नेछ ।

(३) भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ७ को उपदफा ५ को अवस्थामा बैंकले आशयपत्र प्रदान गर्न इन्कार गर्न सक्नेछ ।

(४) भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था स्थापना गर्न तोकिएको सम्पूर्ण कागजातसहित आशयपत्रका लागि बैंकमा निवेदन दर्ता भएको मितिले ९० (नब्बे) दिनभित्र निवेदकलाई आशयपत्र प्रदान गर्ने/नगर्ने निर्णय गर्नु पर्नेछ ।

(५) आशयपत्रको नमूना अनुसूची ६ बमोजिम हुनेछ ।

७. **<u>अनुमतिपत्रसम्बन्धी व्यवस्था</u>** : (१) भुक्तानीसम्बन्धी कार्य गर्न यस बैंकबाट आशयपत्र प्राप्त गरेको मितिले ६ महिनाभित्र नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्था दर्ता गरी अनुमतिपत्र प्राप्त गर्नका लागि देहायका कागजात बैंकमा पेश गर्नुपर्नेछ :-

(क) अनुसूची ७ बमोजिमको अनुमतिपत्रको लागि निवेदन,

(ख) अनुसूची ८ बमोजिमका कागजात,

(ग) अनुसूची ९ बमोजिमको प्राविधिक पूर्वाधारसम्बन्धी विवरण,

(घ) अनुसूची ४ बमोजिमको संस्थापक सञ्चालकको व्यक्तिगत विवरण (अद्यावधिक गर्नुपर्ने अवस्थामा मात्र),

(ङ) अनुसूची ५ बमोजिमको संस्थापक/सञ्चालकको Fit & Proper Test को लागि कागजात तथा स्वघोषणा (अद्यावधिक गर्नुपर्ने अवस्थामा मात्र),

(च) बैंकले माग गरेका अन्य कागजातहरू ।

(२) अनुमतिपत्रको लागि निवेदन पेश गर्दा भुक्तानी तथा फछ्र्यौट विनियमावली (प्रथम संशोधन, २०८०), २०७७ को व्यवस्था बमोजिमको योग्यता पुगेको कार्यकारी प्रमुख नियुक्ति गरी निजको Fit & Proper Test प्रयोजनको लागि अनुसूची १० बमोजिमका कागजात तथा स्वघोषणा समेत पेश गर्नुपर्नेछ ।

(३) अनुमतिपत्रको लागि निवेदन पेश गर्ने संस्थाको कार्यकारी अधिकृत बाहेक व्यवस्थापन तहमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधिमा स्नातक तह उत्तीर्ण गरी सूचना प्रविधिसम्बन्धी संगठित क्षेत्रमा कम्तीमा २ (दुई) वर्षको कार्य अनुभव प्राप्त गरेको कम्तीमा २ (दुई) जना जनशक्ति हुनुपर्नेछ ।

(४) सञ्चालन अनुमतिपत्र प्रदान गर्नु अघि बैंकले भुक्तानीसम्बन्धी कार्य गर्न निवेदन पेश गर्ने संस्थाको भौतिक तथा प्राविधिक पूर्वाधारको सम्बन्धमा स्थलगत निरीक्षण एवं जाँचबुझ गर्नेछ ।

(५) पूर्वाधारको निरीक्षण एवं जाँचबुझको प्रतिवेदन र पेश भएका कागजात/तथा विवरण अध्ययन गरी निवेदकलाई अनुमति प्रदान गर्न उपयुक्त देखिएमा सम्पूर्ण कागजात/विवरण सहितको निवेदन प्राप्त भएको मितिले ६० (साठी) दिनभित्र अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(६) निवेदक संस्थाको तत्काल कायम रहेको चुक्ता पुँजीको १ (एक) प्रतिशतले हुने रकम यस बैंकको धरौटी खातामा जम्मा गरेको प्रमाण लिई अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(७) अनुमतिपत्रको नमूना अनुसूची ११ र/वा १२ बमोजिम हुनेछ ।

(८) अनुमतिपत्रप्राप्त संस्थाले बैंकमा राखेको धरौटी रकम देहायको अवस्थामा फिर्ता हुनेछः-

(क) बैंकको स्वीकृति लिएर संस्था बन्द गरेमा,

(ख) अन्य कुनै मनासिव कारणले संस्थाको अनुमतिपत्र खारेज हुने अवस्था भएमा।

अनुमतिपत्रप्राप्त संस्थाले धरौटी रकम फिर्ता लिन सञ्चालन अनुमतिपत्र खारेज हुनु अघि सम्पूर्ण दायित्व फरफारख गरेको हुनुपर्नेछ । साथै, सञ्चालन अनुमतिपत्र खारेज गर्ने क्रममा सार्वजनिक सूचना प्रकाशन/प्रसारण लगायतका अन्य कार्यहरू गर्दा लाग्ने सम्पूर्ण खर्च उक्त धरौटी रकमबाट कट्टा गरिनेछ ।

तर, ऐन बमोजिम स्वतः खारेजीमा परेमा वा यस बैंकबाट कारवाहीमा परी अनुमतिपत्र खारेज हुन गएको अवस्थामा धरौटी रकम फिर्ता हुने छैन ।

(९) यस बैंकको स्वीकृति लिई संस्थाहरू एक आपसमा गभिएमा वा प्राप्ति गरेमा साविकको धरौटी रकम समेत गाभिनेछ ।

८. **नवीकरणसम्बन्धी व्यवस्था :** (१) अनुमतिपत्रप्राप्त संस्थाले प्रत्येक पाँच वर्षमा अनुमति नवीकरण गर्नुपर्नेछ । नवीकरणको लागि अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा ९० (नब्बे) दिन अगावै दस्तुर सहित निवेदन पेश गर्नुपर्नेछ । उक्त समयावधिभित्र निवेदन पेश गर्न नसकिएमा अनुमतिपत्रको अवधि समाप्त भएको मितिले ९० (नब्बे) दिनसम्म दोब्बर दस्तुर तिरी नवीकरणको लागि निवेदन पेश गर्न सकिनेछ । तोकिएको अवधिभित्र नवीकरणको लागि निवेदन पेश नगर्ने संस्थाको अनुमति स्वतः रद्द हुनेछ ।

(२) अनुमतिपत्र नवीकरणको लागि आवश्यक कागजात/विवरण तथा नवीकरण दस्तुर लगायत अन्य व्यवस्था भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा १३ र भुक्तानी तथा फछ्र्यौट विनियमावली (प्रथम संशोधन, २०८०), २०७७ को विनियम ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) अनुमतिपत्र नवीकरणको नमूना अनुसूची १३ र/वा १४ बमोजिम हुनेछ ।

९. **चुक्ता पुँजीसम्बन्धी व्यवस्था :** (१) भुक्तानीसम्बन्धी कार्य गर्ने बैंक तथा वित्तीय संस्था बाहेकका भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालकको न्यूनतम चुक्ता पुँजी देहायबमोजिम हुनेछ :-

| **अनुमतिको प्रकार** | | **न्यूनतम चुक्ता पुँजी (रु.)** |
|---|---|---|
| भुक्तानी सेवा प्रदायक | भुक्तानी कार्ड वाहेक अन्य उपकरणहरू सञ्चालन गर्ने संस्था | ५ करोड |
| | भुक्तानी कार्ड सहित अन्य उपकरणहरू समेत सञ्चालन गर्ने संस्था | २५ करोड |
| भुक्तानी प्रणाली सञ्चालक | - | ४० करोड |
| भुक्तानी प्रणाली सञ्चालक | नेपालमा जारी भएको भुक्तानी उपकरण मार्फत् नेपाल बाहिर समेत भुक्तानी कारोवार हुने गरी सञ्चालन हुने संस्था | ८० करोड |

(२) यो व्यवस्था लागु हुनु अघि बैंकबाट अनुमतिपत्र लिएका संस्थाको हकमा तोकिएको न्यूनतम चुक्ता पुँजी २०८५ साल असार मसान्तसम्ममा कायम गरी सक्नुपर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाहरू र विदेशमा स्थापना भई नेपालमा भुक्तानीसम्बन्धी कार्य कार्य गर्ने संस्थाहरूलाई न्यूनतम चुक्ता पुँजीसम्बन्धी उपर्युक्त व्यवस्था लागु हुने छैन ।

१०. **दूरसञ्चार कम्पनीसम्बन्धी व्यवस्था :** सहायक कम्पनी मार्फत भुक्तानी सेवा प्रदायकको कार्य गर्न इच्छुक दूरसञ्चार सेवा प्रदायक कम्पनीले आशयपत्र/अनुमतिको लागि निवेदन पेश गर्दा अन्य भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई आफुले प्रवाह गर्ने दूरसञ्चार सेवा तथा शुल्कमा विभेदरहित पहुँच प्रदान गर्ने प्रतिबद्धता पेश गर्नु पर्नेछ । साथै, विभेदरहित पहुँच प्रदान गरेको नपाइएमा दूरसञ्चार सेवा प्रदायक कम्पनीको सहायक कम्पनीलाई यस बैंकबाट प्रदान गरिएको अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

११. **बैंक तथा वित्तीय संस्थासम्बन्धी व्यवस्था** : (१) यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले भुक्तानीसम्बन्धी कारोबार गर्ने अनुमतिपत्रको लागि निवेदन पेश गर्दा अनुसूची ७ बमोजिमको निवेदन, अनुसूची २ बमोजिमको विवरण र बैंकबाट माग भएका अन्य कागजातहरू पेश गर्नुपर्नेछ ।

(२) यस नीतिमा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाका लागि उल्लेख गरिएको आवेदन दस्तुर, धरौटी, जनशक्ति, आशयपत्र लिनुपर्ने, अनुसूची ८ बमोजिमको कागजात, संस्थापक/संचालकको व्यक्तिगत विवरण, स्वघोषणा तथा Fit and Proper Test सम्बन्धी व्यवस्था बैंक तथा वित्तीय संस्थाको हकमा लागु हुने छैन ।

१२. **विदेशमा स्थापना भई नेपालमा कारोवार गर्ने संस्थासम्बन्धी व्यवस्था** : (१) विदेशमा स्थापना भई दश वा सोभन्दा बढी मुलुकमा भुक्तानीसम्बन्धी कार्य गरिरहेका संस्थाले नेपालमा कारोबार गर्न चाहेमा अनुमतिको निवेदन पेश गर्दा देहायबमोजिम छुट प्रदान गरिएको छ :-

(क) चुक्ता पुँजीसम्बन्धी व्यवस्था,

(ख) जनशक्तिसम्बन्धी व्यवस्था,

(ग) Fit and Proper Test मापनका आधारसम्बन्धी व्यवस्था,

(घ) आशयपत्र तथा स्वीकृतिका लागि अन्य संस्थाको लागि तोकिएका आवश्यक कागजात पेश गर्ने व्यवस्था,

(ङ) आवेदन दस्तुर र धरौटीसम्बन्धी व्यवस्था ।

(२) उपबुँदा (१) बमोजिमका संस्थाले कारोबार सञ्चालन गर्न अनुमति माग गर्दा निवेदनका साथ देहाय बमोजिमका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको स्वामित्व तथा अन्तिम हिताधिकारीसम्बन्धी विवरण,

(ग) कारोबार गरिरहेका मुलुकको विवरण,

(घ) उच्च व्यवस्थापकीय पदमा रहेका व्यक्तिको विवरण,

(ङ) संस्थाको पछिल्लो तीन वर्षको वित्तीय विवरण,

(च) सम्पर्क कार्यालयको नाम, ठेगाना, सम्पर्क नम्बर र इमेल ठेगाना ।

१३. **वैदेशिक लगानी सम्बन्धमा** : (१) भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रको लागि निवेदन पेश गर्ने संस्था वा हाल अनुमतिपत्रप्राप्त संस्थाले यस बैंकको स्वीकृति लिई विदेशी फर्म, कम्पनी वा संस्थाबाट लगानी भित्र्याउन सक्नेछन् । यस्तो लगानी रकम अनुमतिपत्र प्राप्त संस्थाको चुक्ता पुँजीको १५ (पन्ध्र) प्रतिशतभन्दा अधिक हुने छैन ।

(२) वैदेशिक लगानी भित्र्याउने अनुमतिपत्रप्राप्त संस्थाले त्यस्तो लगानी स्वीकृत भएको मितिले र नयाँ संस्थाको हकमा अनुमतिपत्रप्राप्त गरेको मितिले तीन (३) वर्षभित्र सर्वसाधारणमा शेयर जारी गर्नु पर्नेछ ।

(३) वैदेशिक लगानी भित्र्याउने अनुमतिपत्रको लागि निवेदन पेश गर्ने संस्थाले त्यस्तो वैदेशिक लगानी गर्ने विदेशी फर्म, कम्पनी वा संस्थासँग सम्बन्धित देहाय बमोजिमका कागजात तथा विवरण समेत पेश गर्नुपर्नेछ :-

(क) संस्थाको प्रबन्धपत्र, नियमावली तथा सम्बन्धित मुलुकमा उक्त संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र पुँजी संरचना,

(ख) अन्य देशमा भुक्तानीसम्बन्धी संस्थामा लगानी गरेको भए सोसम्बन्धी विवरण, कारोबार गरिरहेको मुलुक र प्रधान कार्यालय रहेको स्थानसम्बन्धी विवरण,

(ग) संस्थाको लेखापरीक्षण गरिएको वित्तीय विवरणको प्रमाणित प्रतिलिपि,

(घ) नेपालमा लगानी गर्न संस्थाको सञ्चालक समितिले गरेको निर्णय ।

(४) लगानी भित्र्याउने संस्थाले निवेदन साथ विदेशी लगानी भित्र्याउनुको कारण, प्रस्तावित लगानीको क्षेत्र, प्रविधि हस्तान्तरणसम्बन्धी व्यवस्था, सञ्चालक समितिमा वैदेशिक लगानीकर्ताको प्रतिनिधित्व र प्रस्तावित वैदेशिक लगानी कायम रहने अवधि लगायतका विवरणहरू पेश गर्नुपर्नेछ ।

(५) हाल सञ्चालनमा रहेका संस्थाहरूमा बुँदा नं. १३.१ अनुसार विदेशी लगानी भित्र्याउँदा संस्थाको सम्पत्ति तथा दायित्वको विस्तृत मूल्याङ्कन (Due Diligence Audit) गरी निर्धारण भएको प्रति शेयर मूल्यमा नघट्ने गरी लगानी गर्नु पर्नेछ ।

(६) संस्थागत लगानीकर्ताले लगानीको श्रोतको रुपमा संस्थाको पछिल्लो लेखापरीक्षण प्रतिवदेनमा उल्लिखित खुद सम्पत्ति (Net-Worth) वा बैंक मौज्दात लगायतको तरल सम्पत्ति वा स्वीकृत कर्जाको सीमाभित्र रही लगानी गर्न सक्नेछ ।

(७) संस्थामा गरिने लगानी रकमको आर्जन गैरकानूनी ठहरिएमा वा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाको पालना भएको नपाइएमा प्रचलित कानूनबमोजिम हुनेछ ।

(८) वैदेशिक लगानी भित्र्याउँदा नेपालको प्रचलित कानून अनुसार सम्बन्धित निकायको स्वीकृति लिनुपर्ने भएमा सो समेत लिनुपर्नेछ । साथै, वैदेशिक लगानी नेपालमा प्राप्त भए पश्चात सोको लेखाङ्कन, लगानी तथा आर्जित रकम फिर्ता लगायत अन्य प्रावधानहरू विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम गर्नुपर्नेछ ।

१४. **संस्थापक शेयर खरिद/बिक्री तथा हक हस्तान्तरण सम्बन्धमा** : (१) अनुमतिपत्रप्राप्त भएको मितिले ५ वर्षसम्म संस्थापक शेयर खरिद बिक्री गर्न पाइने छैन ।

तर, आधुनिक प्रविधि भित्र्याउन पुँजी थप गर्नुपर्ने अवस्था, दुई वा दुई भन्दा बढी संस्था एक आपसमा गाभिई नयाँ लगानीकर्ता थप गर्दा वा अन्य कुनै मनासिव कारणले संस्थापक शेयर खरिद/बिक्री गर्नुपर्ने औचित्य पुष्ट्याई हुने अवस्थामा बैंकको स्वीकृति लिई संस्थापक शेयर खरिद बिक्री गर्न सकिनेछ ।

(२) संस्थापक शेयर लिएका व्यक्तिहरूको मृत्यु भएमा वा प्रचलित कानुनबमोजिम पारिवारिक अंशबन्डा भएमा प्रचलित कानुनको रित पुऱ्याई निजहरूको हकदार वा निजहरूले इच्छाएको व्यक्तिको नाममा यस बैंकको स्वीकृति लिई नामसारी गर्न सकिनेछ । यसरी नामसारी गर्दा बैंकको नीतिगत व्यवस्था अनुसार संस्थापक शेयर धारण गर्न अयोग्य व्यक्तिहरूको नाममा शेयर नामसारी गर्न मिल्ने छैन ।

१५. **विविध** : (१) संवैधानिक पद धारण गरेको व्यक्ति वा संघीय संरचना बमोजिमको स्थानीय, प्रादेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्ति पदमा बहाल रहुञ्जेलसम्म र **यस बैंकबाट अनुमतिपत्र/इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेन्जर, विप्रेषण कम्पनी, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालकमा सञ्चालक/पदाधिकारीको रुपमा बहाल रहेको व्यक्ति एकै पटक अन्य भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थामा प्रतिनिधित्व गर्न वा कुनै पनि पदमा बहाल रहन पाउने छैन । तर कुनै अनुमतिपत्रप्राप्त संस्थामा भुक्तानी सम्बन्धी कार्य गर्ने अर्को संस्थाको लगानी रहेको अवस्थामा लगानीकर्ता संस्थाको तर्फबाट कर्मचारीले लगानी रहेको संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न तथा नेपाल सरकार वा यस बैंकले नियुक्त गरेको अवस्थामा उपर्युक्त व्यवस्थाले वाधा पुगेको मानिने छैन ।** [२]

(२) भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरू बैंकको नीतिगत व्यवस्थाको अधीनमा रही एक आपसमा गाभ्न/गाभिन वा एक अर्को संस्थालाई प्राप्ति गर्न सक्नेछन् । यस सम्बन्धमा अन्य प्रकृया तोकिएको व्यवस्थाबमोजिम हुनेछ ।

(३) नेपालमा स्थापना भई नेपाल बाहिर र नेपाल बाहिर स्थापना भई नेपालभित्र भुक्तानीसम्बन्धी कारोबार गर्ने संस्थाले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा रहेका व्यवस्थाको अधीनमा रही कार्य गर्नु पर्नेछ ।

(४) अनुमतिपत्रप्राप्त संस्थाले तोकिएको भुक्तानीसम्बन्धी कार्य बाहेक अन्य कुनै पनि कार्य गर्न पाउने छैन ।

१६. **खारेजी/बचाऊ तथा अनुसूची हेरफेर** : (१) यस बैंकबाट जारी गरिएको भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३ खारेज गरिएको छ ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएको नीतिको अधीनमा रही भए गरेका काम कारबाही यसै नीतिबमोजिम भए गरेको मानिनेछ ।

(३) यस नीतिका अनुसूचीहरूमा हेरफेर गर्नु परेमा गभर्नरले आवश्यक हेरफेर गर्न सक्नेछ ।

[२] मिति २०८०/०३/१९ को सञ्चालक समितिको निर्णयानुसार संशोधन गरिएको ।

**अनुसूची - १**

(बुँदा नं. ६ (१) को खण्ड (क) सँग सम्बन्धित)

**आशयपत्रको लागि निवेदन**

श्री नेपाल राष्ट्र बैंक,
भुक्तानी प्रणाली विभाग
बालुवाटार, काठमाडौं ।

बिषय- **<u>आशयपत्र सम्बन्धमा</u> ।**

महाशय,

भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम ............................................................ को कार्य गर्न आशयपत्रको लागि तोकिएका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/गरेका छौँ ।

आवश्यक कागजात थान .......... संलग्न

भवदीय,

......................................................
(दस्तखत)

नाम :

ठेगाना :

मोबाइल नं :

इमेल ठेगानाः

वेबसाइटः

मिति :

## अनुसूची - २

(बुँदा नं. ६ (१) को खण्ड (ख) सँग सम्बन्धित)

**प्रस्तावित (गर्न चाहेको) भुक्तानीसम्बन्धी कार्यहरू**

**अनुमतिपत्रको प्रकार**

**(क) भुक्तानी सेवा प्रदायक (Payment Service Provider)**

**कारोबार गर्ने माध्यम**

१. विद्युतीय भुक्तानी कार्ड वाहेक अन्य दूरसञ्चार सञ्जालका उपकरणहरू सञ्चालन

२. भुक्तानी कार्ड सञ्चालन

३. अन्य...........................................

**कारोबारको प्रकार**

१. ग्राहक र वस्तु तथा सेवा प्रदायकको बीचमा मध्यस्थता गरी कार्ड अथवा कार्ड बाहेकका उपकरणबाट वस्तु, सेवा, सम्पत्ति वा अन्य दायित्व वापतको रकम विद्युतीय भुक्तानी

२. स्वदेशमा रकम स्थानान्तरण

३. अन्य............

**(ख) भुक्तानी प्रणाली सञ्चालक (Payment System Operator)**

**कारोबारको प्रकार**

१. स्वचालित क्लियरिङ्गसम्बन्धी कार्य (Automated Clearing House)

२. भुक्तानी प्रणालीको अन्तरआबद्धतासम्बन्धी कार्य

३. विद्युतीय भुक्तानी कार्डहरूको सञ्जाल सञ्चालन

४. भुक्तानी स्वीच (Payment Switch) सञ्चालन

५. अन्य प्रणाली सञ्चालकको कार्य

क) .....................................
ख) .....................................

(उपर्युक्त कार्यहरूमध्ये निवेदकले माग गरेको भुक्तानीसम्बन्धी कार्यको छुट्टै Product Paper समेत पेश गर्नु पर्नेछ ।)

भवदीय,

दस्तखत .................

नाम :....................

मिति :

सम्पर्क नं.

**अनुसूची - ३**

(बुँदा नं. ६ (१) को खण्ड (ग) सँग सम्बन्धित)

## आशयपत्रको लागि पेश गर्नु पर्ने कागजातहरू

१. प्रस्तावित कम्पनीको प्रबन्धपत्र र नियमावली,

२. व्यावसायिक तथा प्राविधिक सम्भाव्यता अध्ययन प्रतिवेदन,

३. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थामा प्रचलित नेपाल कानूनबमोजिम दर्ता भएको कुनै फर्म, संगठित संस्था वा कम्पनी संस्थापक हुने भएमा त्यस्तो फर्म, संगठित संस्था वा कम्पनीको हकमा देहाय बमोजिमका थप विवरणहरू :-

(क) सम्बन्धित निकायबाट दर्ता प्रमाणपत्र र कारोबार गर्न इजाजत पाएको भए सो प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,
(ग) संस्थामा लगानी गर्ने रकम, लगानी गर्न प्रस्ताव गरेको रकमको श्रोतसम्बन्धी विवरण र प्रतिनिधित्व गर्ने भए प्रतिनिधित्व गर्ने व्यक्ति/संस्था किटान गरिएको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,
(घ) फर्म, संगठित संस्था वा कम्पनीको अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण कर कार्यालयमा पेश गरेको प्रमाणित हुने सम्बन्धित कर कार्यालयबाट प्राप्त निस्साको प्रतिलिपि,
(ङ) विगत २ आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,
(च) भुक्तानीसम्बन्धी कार्य गर्ने अन्य कुनै संस्थामा लगानी रहे नरहेको विवरण ।

४. संस्थापकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. लगानीको श्रोतसम्बन्धी विवरण खुल्ने कागजात,

६. पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण वा सो प्रयोजनको लागि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण पेश गरेको निस्सा,

७. प्रस्तावित संस्थाको तर्फबाट संस्थापक बाहेकका व्यक्तिले निवेदन दिएमा अख्तियारी पत्र,

८. प्रस्तावित संस्थापक/सञ्चालक कालोसूची वा डिफल्टरमा नपरेको प्रमाणित हुने कागजात (कर्जा सूचना केन्द्रबाट),

९. आवेदन दस्तुर बुझाएको प्रमाण,

१०. बैंकले माग गरेका अन्य विवरण तथा कागजात ।

**अनुसूची - ४**

(बुँदा नं. ६ (१) को खण्ड (घ) र ७ (१) को खण्ड (घ) सँग सम्बन्धित)

## संस्थापक/संचालकको व्यक्तिगत विवरण

फोटो

१. पूरा नाम थर :
२. जन्म मिति :
३. जन्म स्थान :
४. नागरिकता/परिचयपत्र नं. :
५. पूरा ठेगाना :
  (क) स्थायी :
  (ख) अस्थायी :
६. सम्पर्क विवरण :
  (क) टेलिफोन नं : (ख) मोबाइल नं :
  (ग) इमेल :
७. हालको पेशा :
  (क) कार्यरत पदः (ख) कार्यालयको नाम र ठेगाना :
  (ग) व्यवसायको प्रकृति/काम : (घ) टेलिफोन/फ्याक्स/ईमेल :
८. वैवाहिक स्थिति :
  (क) विवाहित (ख) अविवाहित
  (ग) विवाहितको हकमा पति/पत्नीको नाम :
९. (क) बाबुको नाम : (ख) बाजेको नाम :

१०. शैक्षिक योग्यता :

| तह | संकाय | संस्थाको नाम र ठेगाना | मुख्य विषय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

११. कार्य अनुभव :

| पद | संस्थाको नाम र ठेगाना | शुरु मिति | छाडेको मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१२. लगानीको श्रोत :

मैले/हामीले प्रस्तावित भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थामा रकम रु...................... (अक्षरेपी.......................) लगानी गर्न लागेको छु/छौं । उक्त रकम संस्थाको चुक्ता पूँजीको ...... प्रतिशत हुन्छ । साथै, लगानी गर्न लागेको रकम वैधानिक माध्यमबाट आर्जन/प्राप्त गरिएको र उक्त रकमको आय श्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं ।

| क्र सं | रकम | श्रोत | कैफियत |
|---|---|---|---|
| १. | | | |

| क सं | रकम | श्रोत | कैफियत |
|---|---|---|---|
| २. | | | |
| ३. | | | |

१३. एकाघरका परिवारको विवरण :

| क्र.सं | नाम | नाता | पेशा/व्यवसाय |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

१४. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा गरिएको कारोबार (निक्षेप, कर्जा र शेयर स्वामित्व) भए/नभएको विवरण :

१५. विभिन्न संघ/संस्थाहरूमा संलग्न भएको भए सो को विवरण :

१६. विदेशमा स्थायी बसोबास (Citizenship/Diversity Visa/Permanent Resident) को अनुमतिपत्र प्राप्त गरेको भए सोको विवरण :

नेपाल राष्ट्र बैंकमा पेश गरिएको उल्लेखित विवरण ठीक साँचो हो । उक्त विवरण झुट्टा ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला । नेपाल राष्ट्र बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था संचालन सम्बन्धमा तोकेका सम्पूर्ण शर्तहरू पालना गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

दस्तखत :

नाम :

मिति :

सम्पर्क नं.:

(पाना अपुग भएमा अर्को पाना थप गरी प्रयोग गर्न सकिने छ ।)

## अनुसूची - ५

(बुँदा नं. ६. (१) को खण्ड (ङ) र ७ (१) को खण्ड (ङ) सँग सम्बन्धित)

## प्रस्तावित संस्थापक/सञ्चालकको Fit and Proper Test को लागि कागजात र स्वघोषणा

**(क)** भुक्तानीसम्बन्धी कार्य गर्न स्थापना गरिने संस्थाका प्रस्तावित संस्थापक/सञ्चालकको Fit and Proper Test प्रयोजनको लागि देहायका विवरण/कागजात पेश गर्नु पर्नेछ ।

| | |
|---|---|
| १. | कम्तीमा एक तिहाई सञ्चालक मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्य वा व्यवस्थापन वा जनप्रशासन वा कम्प्युटर इन्जिनियरिङ्ग वा कम्प्यूटर साइन्स वा वाणिज्य कानूनमा स्नातक वा सो सरह उत्तीर्ण भएको कागजात । |
| २. | कम्तीमा एक तिहाई सञ्चालक बैंकिङ्ग वा सूचना प्रविधि वा भुक्तानी सेवाको क्षेत्रमा कम्तीमा तीन वर्षको कार्य अनुभव प्राप्त गरेको कागजात । |
| ३. | २१ वर्ष उमेर पूरा भएको प्रमाणित हुने कागजात (नागरिकता वा राष्ट्रिय परिचयपत्र) । |
| ४. | बैंक वा वित्तीय संस्थासँगको कारोबारमा कालोसूचीमा नपरेको प्रमाण । |
| ५. | प्रचलित कानूनबमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता गरेको प्रमाण । |
| ६. | प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि (Criminal Record) नभएको विवरण । |

**(ख)** भुक्तानीसम्बन्धी कार्य गर्न स्थापना गरिने संस्थाका प्रस्तावित संस्थापक/सञ्चालकले देहाय बमोजिमको स्वघोषणा गर्नु पर्नेछ । उक्त स्वघोषणा आशयपत्र प्रदान गर्ने प्रयोजनको लागि गरिने संस्थापक/सञ्चालकको Fit and Proper Test को आधारको रूपमा समेत रहनेछ ।

**बिषयः <u>स्वघोषणा सम्बन्धमा</u>**

भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको संस्थापक/सञ्चालकको रुपमा देहायबमोजिम स्वघोषणा गर्दछु ।

| | | |
|---|---|---|
| १. | भ्रष्टाचार वा ठगी वा जालसाजीको कसूरमा वा नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी ठहरिएको/नठहरिएको | |
| २. | मानसिक सन्तुलन ठीक भएको/ ठीक नभएको | |
| ३. | ऋण तिर्न नसकी साहुको दामासाहीमा परेको/नपरेको | |
| ४. | यस बैंकबाट इजाजतपत्र/अनुमतिपत्र प्राप्त कुनै संस्थाको सञ्चालक/संस्थापक रहेको/नरहेको | |
| ५. | सम्पत्ति शुद्धीकरण वा बैंकिङ्ग कसुरमा कालोसूचीमा परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको/नभएको | |
| ६. | गैरकानूनी रुपमा विदेशी मुद्रा कारोवारमा संलग्न भएको/नभएको | |
| ७. | नेपाल राष्ट्र बैंकको कारवाही वा निलम्बनमा परेको/नपरेको | |
| ८. | अदालतमा बैंकिङ्ग कसुरसम्बन्धी मुद्दा विचाराधीन रहेको/नरहेको | |
| ९. | वित्तीय संस्था वा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक, कानूनी वा अन्य सल्लाहकारको कार्यरत रहेको/नरहेको | |
| १०. | नेपाल वा विदेशमा कुनै पनि नियमनकारी निकाय वा सुपरिवेक्षण अधिकारीको कारवाहीमा परेको/नपरेको | |
| ११. | नेपाल वा विदेशमा ठगी, जालसाजी वा बैकिंङ कसूरजन्य कार्यमा संलग्न भई कारवाही चलेको/नचलेको | |

नेपाल राष्ट्र बैंकलाई माथि उल्लिखित विवरण रुजु गर्न मन्जुरीनामा दिएको छु र उक्त विवरण झुट्ठा ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

दस्तखत :.................

नाम :

मिति :

**अनुसूची - ६**

(बुँदा नं. ६ (५) सँग सम्बन्धित)

**<u>आशयपत्रको नमूना</u>**

**afn'jf^f/ sf&df*f}+**
kmf]g M 01
4419804/4419805
km\ofS; M 01 4443878
Web Sites : www.nrb.org.np
kf]i^ aS; M 73

# नेपाल राष्ट्र बैंक

भुक्तानी प्रणाली विभाग

पत्रसंख्या : मिति :

श्री ............................

बिषय : **<u>आशयपत्र प्रदान गरिएको सम्बन्धमा</u>**

महाशय,

..............................................को कार्य गर्न मिति.................... मा पेश गर्नु भएको निवेदनको सन्दर्भमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम यो आशयपत्र प्रदान गरिएको छ । भुक्तानीसम्बन्धी कार्य सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गरी भुक्तानी तथा फर्स्यौट ऐन, २०७५, भुक्तानी तथा फछ्र्यौट विनियमावली (प्रथम संशोधन, २०८०), २०७७ तथा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमतिसम्बन्धी नीति (प्रथम संशोधन, २०८०), २०७९ बमोजिमको प्रक्रिया पुऱ्याई ६ महिनाभित्र अनुमतिका लागि आवश्यक विवरण तथा कागजातसहित निवेदन पेश गर्नुहुन जानकारी गराउँदछु ।

भवदीय,

(.........................)

कार्यकारी निर्देशक

**अनुसूची - ७**

(बुँदा नं. ७ (१) को खण्ड (क) सँग सम्बन्धित)

## अनुमतिपत्रको लागि निवेदन

श्री नेपाल राष्ट्र बैंक,
भुक्तानी प्रणाली विभाग
बालुवाटार, काठमाडौं ।

**बिषय- भुक्तानीसम्बन्धी कार्य सञ्चालन गर्ने अनुमति सम्बन्धमा**

महाशय,

भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम ......................................................................को कार्य गर्न अनुमतिपत्रका लागि तोकिएका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं

आवश्यक कागजात थान ........ संलग्न

भवदीय,

(संस्थाको तर्फबाट आधिकारिक व्यक्तिको) दस्तखत : .........................

निवेदकको नाम :

संस्थाको नाम :

ठेगाना :

मोबाइल नं :

इमेल ठेगानाः

वेबसाइटः

मिति :

**अनुसूची - ८**

(बुँदा नं. ७ (१) को खण्ड (ख) सँग सम्बन्धित)

**<u>अनुमतिपत्रको लागि पेश गर्नु पर्ने कागजातहरू</u>**

१. कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,
२. संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
३. VAT/PAN मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
४. भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्न आवश्यक पर्ने सेवा, सुविधा भएको कार्यालय भवन विवरण र भवन भाडामा लिएको भए भवन बहालसम्बन्धी सम्झौताको प्रतिलिपि,
५. संस्थाको संस्थापकले लिन कबुल गरेको शेयरको रकम चुक्ता गरेको प्रमाणित हुने कागजात,
६. कारोवार गर्ने मुख्य स्थान र शाखा कार्यालयको स्थान यकिन भएको भए सोको ठेगाना,
७. सञ्चालन गरिने कारोवारको प्रकृति तथा संस्थाको व्यावसायिक योजना,
८. सम्भावित जोखिम व्यवस्थापनको लागि आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न कम्पनीले व्यक्त गरेको प्रतिबद्धतापत्र,
९. कम्पनी तथा संस्थापक/सञ्चालकको अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि वा सो प्रयोजनको लागि सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा आय विवरण पेश गरेको निस्सा,
१०. कारोवार सञ्चालनको विधि एवं प्रक्रियाको विवरण (Standard Operating Procedures-SOP),
११. इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँग गरिएको सम्झौता,
१२. भुक्तानीसम्बन्धी कार्य गर्न तेस्रो पक्षसँग गरिएको सम्झौताको प्रतिलिपि,
१३. कम्तीमा एउटा भुक्तानी प्रणाली सञ्चालकसँग आवद्ध हुने प्रतिवद्धता (भुक्तानी सेवा प्रदायकको अनुमति माग गर्ने संस्थालाई मात्र),
१४. संस्था सञ्चालन गर्न अनुमति माग गर्ने कम्पनीको संस्थापक यदि अर्को कम्पनी भए उक्त कम्पनीको अन्तिम हिताधिकारी (Beneficial Owner) को विवरण,
१५. संस्था सञ्चालन र उपकरणसँग सम्बन्धित नीति, नियम, विनियम तथा कार्यविधि,
१६. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थामा प्रचलित नेपाल कानूनबमोजिम दर्ता भएको कुनै फर्म, संगठित संस्था वा कम्पनी संस्थापक हुने भएमा त्यस्तो फर्म, संगठित संस्था वा कम्पनीको हकमा देहाय बमोजिमका थप विवरणहरू :-
    (क) दर्ता प्रमाणपत्र र कारोबार गर्न इजाजत पाएको भए सो प्रमाणपत्रको प्रतिलिपि,
    (ख) प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,
    (ग) संस्थामा लगानी गर्ने रकम, लगानी गर्न प्रस्ताव गरेको रकमको श्रोतसम्बन्धी विवरण र प्रतिनिधित्व गर्ने भए प्रतिनिधित्व गर्ने व्यक्ति/संस्था किटान गरिएको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,
    (घ) फर्म, संगठित संस्था वा कम्पनीको अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण कर कार्यालयमा पेश गरेको प्रमाणित हुने सम्बन्धित कर कार्यालयबाट प्राप्त निस्साको प्रतिलिपि,
    (ङ) विगत २ आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,
    (च) भुक्तानीसम्बन्धी कार्य गर्ने अन्य कुनै संस्थामा लगानी रहेको भए सोको विवरण वा नरहेको भए सोको विवरण ।
१७. बैंकले समय समयमा तोकिदिएका अन्य विवरण तथा कागजातहरू

(आशयपत्रको लागि आवेदन पेश गर्दा उपलब्ध गराइएका कागजात/विवरणहरू अद्यावधिक गरिएको अवस्थामा वाहेक दोहोरो पर्ने गरी पुनः पेश गर्नु पर्ने छैन ।)

## अनुसूची - ९

(बुँदा नं. ७ (१) को खण्ड (ग) सँग सम्बन्धित)

## प्राविधिक पूर्वाधारसम्बन्धी विवरण

**(क) कार्य सञ्चालन प्रक्रिया सम्बन्धमा :-**

१. संस्थाले प्रवाह गर्ने सेवा सञ्चालनको लागि आवश्यक सफ्टवेयर र सोको सञ्चालनको लागि प्रयोग हुने हार्डवेयरको विवरण (सुरक्षाको लागि प्रयोग हुने समेत),

२. सफ्टवेयर आफैंले निर्माण गरेको वा तेश्रो पक्षले गरेको भए सोको विवरण

३. User Acceptance Testing (UAT) र Operational Acceptance Testing (OAT) प्रमाण,

४. कारोबारका लागि प्रयोग हुने प्रणालीको सुरक्षा सम्बन्धमा तेस्रो पक्षबाट परिक्षण गरिएको प्रमाण (VAPT, PCI-DSS, ISO 27001 आदि),

५. Network Diagram र System Diagram,

६. अन्य सेवा प्रदायकसँग अन्तरआवद्धता (Interoperability) कायम गर्ने व्यवस्था,

७. विद्युतीय भुक्तानी प्रक्रिया, कारोवार तथा तथ्याङ्कलाई सुरक्षित राख्ने व्यवस्था,

८. तथ्याङ्क सावर्जनिक गर्ने व्यवस्था,

९. संस्थाको Data Center/Disaster Recovery Site सम्बन्धी व्यवस्था

१०. बाह्य सेवा परिचालन (Outsourcing) सम्बन्धी व्यवस्था

११. IT Governance सम्बन्धी व्यवस्था

**(ख) सूचना सुरक्षा नीति (Information Security Policy) सम्बन्धमा :-**

१. सूचना सुरक्षा सम्बन्धमा जिम्मेवारीको स्वरुप, कार्यान्वयन, अनुगमन तथा सूचना सुरक्षा सुदृढीकरणसम्बन्धी व्यवस्था,

२. नीति परिपालना सम्बन्धमा मूल्याङ्कन व्यवस्था, सुरक्षा उल्लंघनमा अनुशासनसम्बन्धी कारवाही तथा सोको जानकारीसम्बन्धी व्यवस्था,

३. भौतिक सुरक्षासम्बन्धी व्यवस्था,

४. **Digital Signature** तथा **Public and Private Key Infrastructure** भएमा सोसम्बन्धी व्यवस्था ।

**(ग) व्यवसाय निरन्तरता योजना (Business Continuity Plan)**

**अनुसूची - १०**

(बुँदा नं. ७ (२) सँग सम्बन्धित)

## प्रमुख कार्यकारी अधिकृको Fit and Proper Test र स्वघोषणा

**(क)** अनुमतिको लागि निवेदन पेश गर्ने संस्थाको प्रस्तावित प्रमुख कार्यकारी अधिकृतको Fit and Proper Test प्रयोजनको लागि देहायका विवरण/कागजात पेश गर्नु पर्नेछ ।

| | |
|---|---|
| १. | चार्टर्ड एकाउन्टेन्सी वा व्यवस्थापन, बैंकिङ्ग, वित्त, लेखा, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, इलेक्ट्रोनिक्स, सूचना प्रविधि र कम्प्यूटर विज्ञान विषयमध्ये कुनै एकमा स्नातकोत्तर उपाधि हासिल गरेको कागजात |
| २. | बैंकिङ्ग तथा वित्तीय क्षेत्र वा सूचना प्रविधि वा कम्प्यूटर प्रणाली वा त्यस्तो कार्य गर्ने संस्थाको अधिकृत वा सोभन्दा माथिको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव प्राप्त गरेको प्रमाण |
| ३. | २१ वर्ष उमेर पूरा भएको प्रमाणित हुने कागजात (नागरिकता वा राष्ट्रिय परिचयपत्र) |
| ४. | बैंक वा वित्तीय संस्थासँगको कारोबारमा कालोसूचीमा नपरेको प्रमाण |
| ५. | प्रचलित कानूनबमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता गरेको प्रमाण |

(**ख**) भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिको लागि निवेदन पेश गर्ने संस्थाको प्रस्तावित प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिमको स्वघोषणा गर्नु पर्नेछ । उक्त स्वघोषणा प्रमुख कार्यकारी अधिकृतको Fit and Proper Test को आधारको रुपमा समेत रहनेछ ।

**बिषयः <u>स्वघोषणा सम्बन्धमा</u>**

..............................................संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा देहायबमोजिम स्वघोषणा गर्दछु ।

| | | |
|---|---|---|
| १. | भ्रष्टाचार वा ठगी वा जालसाजीको कसूरमा वा नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी ठहरिएको/नठहरिएको | |
| २. | मानसिक सन्तुलन ठीक भएको/ ठीक नभएको | |
| ३. | ऋण तिर्न नसकी साहुको दामासाहीमा परेको/नपरेको | |
| ४. | यस बैंकबाट इजाजतपत्र/अनुमतिपत्र प्राप्त कुनै संस्थाको सञ्चालक/संस्थापक रहेको/नरहेको | |
| ५. | सम्पत्ति शुद्धीकरण वा बैंकिङ्ग कसुरमा कालोसूचीमा परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको/नभएको | |
| ६. | गैरकानूनी रुपमा विदेशी मुद्रा कारोवारमा संलग्न भएको/नभएको | |
| ७. | नेपाल राष्ट्र बैंकको कारवाही वा निलम्बनमा परेको/नपरेको | |
| ८. | अदालतमा बैंकिङ्ग कसुरसम्बन्धी मुद्दा विचाराधीन रहेको/नरहेको | |
| ९. | वित्तीय संस्था वा भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक, कानूनी वा अन्य सल्लाहकारको कार्यरत रहेको/नरहेको | |
| १०. | नेपाल वा विदेशमा कुनै पनि नियमनकारी निकाय वा सुपरिवेक्षण अधिकारीको कारवाहीमा परेको/नपरेको | |
| ११. | नेपाल वा विदेशमा ठगी, जालसाजी वा बैकिंङ कसूरजन्य कार्यमा संलग्न भई कारवाही चलेको/नचलेको | |

त्यस बैंकलाई माथि उल्लिखित विवरण रुजु गर्न मन्जुरीनामा दिएको छु र उक्त विवरण झुट्टा ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला ।

भवदीय,

दस्तखत :.................

नाम :

मिति :

**अनुसूची - ११**
(बुँदा नं. ७ (७) सँग सम्बन्धित)

**अनुमतिपत्रको नमूना**

अनुमतिपत्र नं :

# नेपाल राष्ट्र बैंक

भुक्तानी प्रणाली विभाग
बालुवाटार, काठमाडौं

**अनुमतिपत्र**

नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति … … … … … … मा दर्ता नं.… … … … … … बाट … … … … … … … लिमिटेड कम्पनीको रुपमा दर्ता भएको "……………………………………………" लाई यस बैंकबाट जारी नीतिगत व्यवस्था तथा निर्देशन एवम् शर्तहरूको अधीनमा रही "भुक्तानी सेवा प्रदायक" / "भुक्तानी प्रणाली सञ्चालक" को कार्य गर्न भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी यो अनुमतिपत्र प्रदान गरिएको छ ।

**अनुमतिपत्र बहाल रहने मिति -** …………………..सम्म

| | | |
|---|---|---|
| | (…………………….) | (……………………) |
| मिति : | निर्देशक | कार्यकारी निर्देशक |

**अनुसूची - १२**

(बुँदा नं. ७ (७) सँग सम्बन्धित)

**अनुमतिपत्रको नमूना**

License No:

# Nepal Rastra Bank

**Payment Systems Department**

**Baluwatar, Kathmandu**

## <u>License</u>

As per the Provisions of Payment and Settlement Act, 2019, this license has been issued to "................................................" registered in ".........................." with registration number "................" to operate as Payment Service Provider/ Payment System Operator.

Validity: up to ……

(……..…….……) (…...…..………….)

Date: Director Executive Director

**अनुसूची - १३**

(बुँदा नं. ८ (३) सँग सम्बन्धित)

**अनुमतिपत्र नवीकरणको नमूना**

अनुमतिपत्र नं :

# नेपाल राष्ट्र बैंक

भुक्तानी प्रणाली विभाग

बालुवाटार, काठमाडौं

**अनुमतिपत्र**

नेपाल सरकार, कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति ......................... मा (प्रा.लि./लिमिटेड) कम्पनीको रुपमा दर्ता नं. ......... बाट दर्ता भएको ................लाई यस बैंकबाट मिति .............. मा प्रदान गरिएको ....................................को अनुमतिपत्र भुक्तानी तथा फर्स्योट ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी नवीकरण गरिएको छ।

**अनुमतिपत्र बहाल रहने मिति -** .......................सम्म

| | | |
|---|---|---|
| | (.........................) | (........................) |
| मिति : | निर्देशक | कार्यकारी निर्देशक |

**अनुसूची - १४**

(बुँदा नं. ८ (३) सँग सम्बन्धित)

## अनुमतिपत्र नवीकरणको नमूना

License No:

# Nepal Rastra Bank

**Payment Systems Department**

**Baluwatar, Kathmandu**

## License

As per the power conferred by Payment and Settlement Act, 2019, license issued to "……………." registered as (Private Limited/ Limited) Company at Government of Nepal, Office of the Company Registrar dated …………, with the registration number…………., pursuant to Company Act, 2006, has been renewed to operate as Payment Service Provider/Payment System Operator.

Validity up to………

| | | |
|---|---|---|
| | (……..……..……) | (…...…..………….) |
| Date: | Director | Executive Director |